बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं. : १३

बागमती प्रदेश, नेपाल

मितिः २०८२/०४/२९

## मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात बिरामीहरुको उपचार खर्च नवीकरण सम्बन्धी सूचना !!!

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको अभिलेखमा रहेका मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात बिरामीहरुको उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिमका बिरामीहरुको आ.व. २०८२/०८३ मा उपचार खर्च वितरणका लागि विवरण नवीकरण गर्नुपर्ने भएकोले मिति २०८२ भाद्र मसान्तसम्म तपसिल बमोजिमका आवश्यक कागजात सहित नवीकरणका लागि बलेफी गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः-**

१. ऐ. कार्यविधिको अनुसुची-१ बमोजिम विवरण (नयाँ दर्ताका लागि)।
२. ऐ. कार्यविधिको अनुसुची-२ बमोजिम बिरामीको फोटो (२ प्रति) सहितको निवेदन)।
३. नेपाली नागरिताको प्रतिलिपि (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि)।
४. सम्बन्धित अस्पतालबाट रोग निदान भएको कागजातको प्रतिलिपि (नयाँको हकमा)।
५. सम्बन्धित अस्पतालवाट उपचार गराई रहेको कागजातको प्रतिलिपि (नयाँको हकमा)।
६. मेरुदण्ड पक्षघात विरामीहरुको हकमा अपाङ्गता प्रमाण-पत्र (रातो वा निलो कार्ड) को प्रतिलिपि।
७. सम्बधित वडा कार्यालयको सिफारिस पत्र।

.......................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
श्री वडा कार्यालयहरु सबै, बलेफी गाउँपालिका।
श्री स्वास्थ्य शाखा, बलेफी गाउँपालिका।